स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



एउटा गाउँमा शिक्षण पेशा गरिरहेका दयाहाङ राईको त्यहीँकी मगर युवती मिरुना मगरसँग प्रेम बसेपछि आउने आरोह-अवरोहको कथामा ट्रेलर केन्द्रित छ । मिरुनाका पिता शिशिर वाङ्देलले छोरीसँग विवाह गर्नेले घरज्वाई बस्नुपर्ने सर्त राखेपछि दयाहाङले जबरजस्ती समातेर मिरुनालाई आफ्नो घर भित्राउँछन्, जसलाई मगर समुदायमा 'केटी छोप्ने' चलन भनिन्छ । तर, शिशिरले छोरीलाई जबरजस्ती घर फिर्ता लिएर आउँछन् ।

**आजको विचार...**



परनिर्भरतामो... (दुई पेजमा)

इन्द्रबहादुर बराल

रुना इन्टरटेन्टमेन्टको ब्यानरमा बन्ने फिल्म 'माइली' मा अभिनेत्री प्रियंका कार्की अनुबन्धित भएकी छन् । बाबू साहेब बलामीको कन्सेप्ट र निर्देशन रहने फिल्मका लागि प्रियंकालाई हालै निर्माण पक्षले अनुबन्धित गरेको हो । फिल्म युनिटले प्रियंकाको पोस्टरलुक पनि सार्वजनिक गरेको छ । सार्वजनिक पोस्टरलुकमा प्रियंकालाई ग्रामिण महिलाको चरित्रमा देखाइएको छ । निर्देशक बलामीले सत्य घटनामा आधारित हुने भनिएको फिल्ममा महिलाको पीडा देखाइने बताए । यहि समाज जातीयताको आडमा कसरी प्रताडित गर्छ भन्ने कथा फिल्ममा देखाइनेछ ।



❒ वर्ष २९ ❒ अंक ३३० ❒ २०८१ असार १५ गते शनिबार 29 June 2024, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### गुल्मीमा ट्र्याक्टर दुर्घटनामा बालकको मृत्यु

**गुल्मी,** असार १४/तम्घास-सिमलटारी सडकखण्डअन्तर्गत छल्दीबाट तम्घासतर्फ आउँदै गरेको लु४त २४६५ नम्बरको ट्र्याक्टर रेसुङ्गा नगरपालिका-४ रायढुङ्गामा दुर्घटना हुँदा छ वर्षीय बालकको मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी नायब उपरीक्षक शङ्कर पोखरेलका अनुसार दुर्घटनामा मालिका गाउँपालिका-२ का छ वर्षीय शिव विकको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनलाई उपचारका लागि गुल्मी अस्पताल ल्याउनेबित्तिकै अस्पतालले मृत घोषणा गरेको थियो । दुर्घटनामा ट्र्याक्टर चालक गुल्मीको धुर्कोट गाउँपालिक-५ बस्तुका २६ वर्षीय दीपक गोतामे र सहचालक बागलुङ बडिगाड गाउँपालिकाका १९ वर्षीय राजकुमार विक घाइते भएका छन् । उनीहरूलाई थप उपचारका लागि पाल्पा पठाइएको छ । **-रासस**

# पाल्पा डेंगीको जोखिममा रहेकाले सतर्कता अपनाउन स्वास्थ्य कार्यालयको आग्रह

**रामचन्द्र रायमाझी**

**पाल्पा,** असार १४/स्वास्थ्य कार्यालय पाल्पाले जिल्ला डेंगीको जोखिममा रहेकाले सतर्कता अपनाउन सबैलाई आग्रह गरेको छ । वर्षायाम सुरु भएसँगै संक्रमण ह्वात्तै बढेको भन्दै कार्यालयले सतर्कता अपनाउन सबैमा आग्रह गरेको हो ।

स्वास्थ्य कार्यालयले पाल्पा डेंगीको जोखिममा रहेकाले त्यसको नियन्त्रण र रोकथामका लागि जनस्तरमा सचेतना फैलाउन सरोकारवाला नियकायसँग छलफल समेत गरेको छ । उसले तानसेन नगरपालिकाको समन्वयमा शुक्रबार डेंगी



सार्ने लामखुट्टेको बासस्थान खोजी गरी लार्भा नष्ट गर्न सरोकारवालासँग पैरवी तथा अन्तरक्रिया कार्यक्रम गरी जनस्तरमा सचेतनाका कार्यक्रम गर्न सबैलाई लाग्नु पर्ने बताएको छ । स्वास्थ्य कार्यालयका प्रमुख डा. राजेन्द्र गिरीले डेंगुको पहिचान र उपचारमा कमी हुन नदिन आफुहरु लागिपरेको बताए । उनले स्वास्थ्य कार्यालय एक्लैले डेंगी नियन्त्रण गर्न नसक्ने भएकाले सबैले आ-आफ्नो ठाउँबाट सतर्कता अपनाउन आवश्यक रहेको उल्लेख गरे । डा. गिरीले डेंगुको प्रकोपलाई ध्यानमा राख्दै कार्यालयले प्रतिकार्य योजना बनाएर काम गरिरहेको र गत वर्ष जस्तै डेंगी सार्ने लामखुट्टेको बासस्थान खोजी गरी लार्भा 'खोज र नष्ट गर' अभियानलाई निरन्तरता दिदै जाने बताए । जिल्लामा २०२३/०२४ मा ७ जनाको डेंगी संक्रमणबाट मृत्यु भएको छ भने २४ जनावरी २०२४ देखि ११ जुन सम्म २५ जना संक्रमित देखिएको उनले जानकारी दिए । बर्खायाम सुरु भएसँगै पानी पर्न थालेपछि संक्रमण बढ्दै गएको डा. गिरीको भनाई छ । उनले भने, निरन्तरको वर्षा र पानीले संक्रमण अझै बढ्ने जोखिम छ ।' पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्दछ । ती फुलबाट लार्भा निस्कन्छ र त्यही लार्भा वयस्क भएर टोकेपछि डेंगी रोग लाग्ने डा. गिरीले बताए । पानी परेपछि पानी जम्ने सक्ने भाँडाकुँडा, प्लास्टिकका बोतल, गमला, गाडीका टायरलगायत अन्य पानी जम्मा हुने स्थानमा पानी जम्ने भएकोले यसको जोखिम कायमै रहेको उनको भनाई छ । डा.गिरीले भने 'लामखुट्टेबाट बच्नका लागि सधैं झुल टाँगेर मात्र सुत्न, खेतबारीमा काम गर्दा लामो बाहुला भएको लुगा लगाउन, घरको झ्यालढोकामा जाली हाल्नुपर्ने, सम्भव भएसम्म लामखुट्टे भगाउने धुप वा मलमको प्रयोग गर्न, घरपालुवा पशुपक्षी व्यवस्थित ढंगले पाल्न र घर वरिपरि गमला, टायर वा कुनै पनि खुला भाँडामा पानी जम्न दिनुहुँदैन ।' जिल्लामा डेंगुको प्रकोप बढ्दै गएकाले यसको जोखिम नियन्त्रण गर्न सबैको साझा दायित्व रहेको समेत उनले बताए । उनले सबैले आ-आफ्नो घर, टोल, समाज, कार्यालय लगायतका स्थानमा त्यहाँ वरिपरीको सरसफाइ गर्नु तथा पानी जम्न नदिनु नै डेंगु नियन्त्रणको उपाय रहेको उल्लेख गरे । डेंगु रोगका बिरामीमा उच्च ज्वरो आउनु, टाउँको दुख्ने, पेट दुख्ने, वाकवाकी लाग्ने, आँखाको गेडी दुख्ने, जीउ तथा जोर्नी दुख्ने लगायतका लक्षण देखिने डा. गिरीको भनाई छ । यस्ता लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा उपचार गराउन समेत उनको सुझाव छ । डेंगु लामखुट्टेको टोकाइबाट सर्ने एक प्रकारको कीटजन्य सरुवा रोग भएको र यो एडिस एजप्टाई/एलबोपिक्टस जातको संक्रमित लामखुट्टको टोकाइबाट मात्रै यो रोग सर्ने डा. गिरीले बताए । कार्यक्रममा जिल्ला समन्वय समिति पाल्पाकी उपप्रमुख काशिका गैरे, नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष रेखीराम रानाले पाल्पा तराई जिल्लाबाट नजिक रहेकाले पनि डेंगीको उच्च जोखिम रहेको भन्दै टोल, टोल र वडा वडामा सचेतनाका कार्यक्रमहरु पुऱ्याउनु पर्ने बताए । उनीहरुले स्वास्थ्य कार्यालयले सर्ने, नसर्ने रोग नियन्त्रणका क्षेत्रमा विगतदेखि नै प्रभावकारी काम गर्दै आएको उल्लेख गर्दै डेंगी नियन्त्रणमा स्थानीय सरकारसँग समन्वय गरेर सचेतनाका कार्यक्रमलाई तदारुकताका साथ अगाडि बढाउन सुझाव दिए । कार्यक्रममा पाल्पा अस्पतालका डा. अर्जुन शर्मा, लुम्बिनी मेडिकल कलेज प्रभासकी डा. समता नेपालले संक्रमणको अवस्था बढ्दो रहेकाले पूर्व तयारीका कार्यक्रमहरु गर्न जरुरी रहेको बताए । उनीहरुले आफुहरुको अस्पतालमा सिमित मात्रमा किटहरु रहेकाले सक्रमणका घटनाहरु हुनै नदिन नागरिकस्तरमै सचेतना जगाउनुपर्नेमा जोड दिए । कार्यक्रममा तानसेन नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख झबिन्द्र न्यौपाने,सामुदायिक स्वास्थ्य स्यवसेवीका तुम्ला बज्राचार्य, पत्रकार रामचन्द्र नेपाल लगायतले सबैले आफ्नो ठाउँबाट सतर्कता अपनाउनुपर्नेमा जोड दिए । कार्यक्रममा तानसेनका अस्पतालका डाक्टर, स्वास्थ्यकर्मी, महिला स्वयमसेवीका, पत्रकार, रेडक्रसकर्मी लगायतका व्यक्तिहरुको उपस्थिति रहेको थियो । स्वास्थ्य कार्यालयका प्रमुख डा. राजेन्द्र गिरीको अध्यक्षता, स्वास्थ्य अधिकृत लेखनाथ अर्यालको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## पत्रकार महासंघको बुलेटिन प्रवाह सार्वजनिक




**हाम्रा संवाददाता**

**पाल्पा,** असार १४/नेपाल पत्रकार महासंघ पाल्पाद्धारा प्रकाशित प्रवाह बुलेटिन पत्रिका सार्वजनिक गरिएको छ । जिल्ला समन्वय समिति पाल्पाका प्रमुख टंकनाथ खनाल, वरिष्ठ पत्रकार मेघराज शर्मा, पत्रकार महासंघका अध्यक्ष रेखीराम राना लगायतले पत्रिका सार्वजनिक गरेका हुन् ।

कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख खनालले पत्रकार महासंघ पाल्पाले समय -समयमा रचनात्मक कामहरु गर्दै आएको, सामाजिक विषयवस्तुमा खवरदारी, निगरानी गर्दै आएको बताए । प्रवाह बुलेटिनको माध्यमबाट महासंघ तथा पत्रकारहरुका गतिविधीहरु, आमनागरिकहरुको अवस्था, पत्रकारहरु जनताको नजरमा जस्ता कुराहरु थाहा पाउन सजिलो भएको समन्वय प्रमुख खनालले उल्लेख गरे । कार्यक्रममा बरिष्ठ पत्रकार मेघराज शर्माले पत्रकार समाजको ऐना भएकाले सत्य तथ्य, वस्तुनिष्ठ भएर काम गर्नु पर्नेमा जोड दिए । २०५४ सालदेखी प्रकाशित हुँदै आएको बुलेटिनलाई वर्तमान समितिले पनि निरन्तरता दिदै पत्रकारिताको अवस्था उजागर गरेको बताए । अहिले पत्रकारिता जनताका समस्याप्रति भन्दा आफुखुसी पत्रकारिता मौलाउँदो रहेकामा बरिष्ठ पत्रकार शर्माले चिन्ता व्यक्त गरे । कार्यक्रममा महासंघका अध्यक्ष रेखीराम रानाले बुलेटिनमा पत्रकारहरुको वर्तमान अवस्था, जनप्रतिनिधी र कर्मचारीहरुको नजरमा पत्रकारहरु विषयमा केन्द्रीत रहेको बताए । कार्यक्रममा पत्रकारहरु मिलन विक, कृष्ण कार्की , मुक्ति न्यौपाने, भरत शर्मा कृष्ण पोखरेल लगायतले प्रवाह बुलेटिनको बारेमा चर्चा गरेका थिए । महासंघका अध्यक्ष रेखीराम रानाको अध्यक्षता, सचिव यज्ञमुर्ति तिमिल्सीनाको सञ्चालनमा कार्यक्रम भएको थियो ।

**सन्तोष चलचित्र मन्दिरमा...**



आजदेखि भव्यताका साथ प्रदर्शन हुँदैछ सुपरहिट चलचित्र **'कल्की २८९८ एडी'** । स-परिवारका साथ अवश्य पाल्नु भइ भरपुर मनोरञ्जन लिनुहोस् ।

**शो समय :**

**कल्की :** पहिलो शो : ११:३० बजे

दोस्रो शो : २:३० बजे र तेश्रो सो साझ ५:३० बजे

(नयाँ डल्बी डिजिटल साउण्ड, न्यू प्रोजेक्टर र लक्जरी सिटमा)

टिकट बुकिङ्ग नं. : ९८४७३९८५५९

# आज असार पन्ध्र : धान दिवस

**सीमा भट्टराई**

**पाल्पा,** असार १४/आज असारे पन्ध्र । यस दिन धान रोपाई गरी दही र चिउरा खाने चलन छ । सरकारले यस दिन धान दिवससमेत मनाउँदै आएको छ । विक्रम संम्वत २०६१ मा विश्वका ४३ राष्ट्रले संयुक्त राष्ट्रसंघलाई अन्तर्राष्ट्रिय धान वर्ष घोषणा गर्न अनुरोध गरेका थिए । राष्ट्रसंघले धान वर्ष घोषणा गरेपछि नेपालमा विक्रम संवत् २०६२ असार १५ गतेदेखि धान दिवस मनाउन थालिएको विज्ञहरुको भनाई छ ।

नेपाली समाजमा परम्परागत रुपले नै असार १५ मा दही चिउरा खाने प्रचलन रहँदै आएको छ । असार महिना किसानका लागि 'मानो छरेर मुरी उब्जाउने' समय भनेर चिनिन्छ । नेपालको मुख्य खाद्यान्न बाली धान हो । यसको रोपाई पनि यही महिनामा हुने भएकाले यतिबेला किसानको



दैनिक फेरिएको छ । उनीहरु बिहानदेखि साँझसम्म खेतमै व्यस्त देखिन्छन् । असार लागेसँगै पाल्पाका फाँटहरुमा रोपाइँ भइरहेको छ । यतिबेला यहाँका किसानलाई रोपाइँको चटारो थपिएको छ । पछिल्लो समय पाल्पासहित देशभरका स्थानमा असार पन्ध्रधुमधामका साथ मनाउने गरिन्छ । विभिन्न संघ संस्थाले असार पन्ध्रको अवसर पारेर आज धान रोपाई र दही चिउरा खाने कार्यक्रमको आयोजना गरेका छन् । खेतीपातीबाहेक अन्य पेसा र व्यवसायमा लागेका नेपालीले पनि आज दही चिउरा खाई असार १५ मनाउँछन् । मध्य गर्मीको यो समयमा युवा लाठे र युवती रोपाहारले खेतका गराको हिलो छ्यापाछ्याप गरेर मनोरञ्जन गर्छन् । कामको चटारोले थकित भएका किसान शक्तिप्राप्तिका लागि दही चिउरा खान्छन् । दही चिउराले शरीरमा शीतलता भई शक्ति सञ्चय हुने विश्वास गरिन्छ । नेपालले दुई दशक पहिलेदेखि राष्ट्रिय धान दिवस माउँदै आएको छ । नेपालको प्रमुख बाली धान भएकाले धान दिवस राष्ट्रियस्तरमै मनाउँदै आएको हो तर यसका साथै मकै, गहुँ, कोदो, फापर, जौ, आलु आदि प्रमुख बालीकै रूपमा छन् । यिनलाई पनि प्रोत्साहन गर्नु राष्ट्रको दायित्व हो । यसतर्फ सरकारले उचित दृष्टिकोण दिई नेपाललाई सही अर्थमा कृषिप्रधान देशका रूपमा स्थापित गर्नुपर्ने आवश्यक छ । केही वर्ष अघिसम्म पाल्पा र गुल्मी र पाल्पाका फाँटहरुमा वर्षायाम सुरु भएसंगै हलो, जुवा, हलगोरु, बाउसे र रोपाहारहरु खेतमा हुँदा रोपाइँको चहलपहल रहे पनि अहिले यो विस्तारै हराउँदै गएको छ । बढ्दो आधुनिकीकरण र युवा पुस्ता विदेश पलायन भएपछि खेतमा धान रोपाइँका लागि हलोजुवा, हल,गोरु र बाउसेको अभाव देखिएको किसानहरु बताउँछन् । छङ्छङ बगेको वर्षे भेल, खोल्साखाल्सी सुसाएर निस्केको आवाज, छहरा पहराको हरियालीले रोपाँइको समय सम्झाउँछ । असारे भाका ठाउँ र समुदायअनुसार फरक फरक लयमा गाइने भए पनि सबै गीतले किसानको मर्म पोख्छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## धान दिवसको सन्दर्भ

नेपालमा हरेक वर्षाको १५ असारमा रोपाइँ गरिरहेको खेतको आलीमा बसेर दही चिउरा खाँदै धान दिवस मनाइन्छ । नेपाल सरकारको विसं २०६१ मङ्सिर २९ को मन्त्रीस्तरीय घोषणाले प्रत्येक वर्षाको असार १५ लाई 'धान दिवस' मनाउने निर्णय गरेको थियो । सोही वर्षदेखि नेपालमा औपचारिक रुपमा धान दिवस मनाइँदै आएको हो । आज पनि देशभर चिउरा खाँदै धान रापेर धान दिवस मनाउन लागिएको छ । अन्यथा केही नभए, आज 'राष्ट्रिय धान दिवस' भन्दै देशभर उच्चपदस्थ अधिकारीहरूले समेत तामझामका साथ हिलोमा पस्ने र धान रोप्ने काम गर्ने छन् । तर धान दिवसका दिन मात्र धान रोपे झैं गर्नुले कति सार्थकता प्राप्त गर्‍यो भन्ने विषयमा खासै छलफल र वहस हुँदैन । कृषिप्रधान मुलुकमा धानकै नाममा एक दिन विशेष उत्सव मनाउनुको आफ्नै अर्थ छ। तर धानसँग अन्तरसम्बन्धित वर्षौंदेखिका मुद्दालाई सम्बोधन गर्ने दिशामा भने कुनै पनि कदम नचाली खालि तामझामका साथ दिवस मात्रै मनाउनुको चाहिँ कुनै अर्थ छैन । त्यसैले, परिणाम दिने कार्यमै सम्बद्ध पक्षको थप मिहिनेत आवश्यक छ । खासगरी धान उत्पादन वृद्धि गर्दै आयात प्रतिस्थापनका लागि मलबिउ अभाव र सिँचाइ असुविधा जस्ता कृषि कर्मका समस्याहरू सामाधान गर्नुपर्छ । यसो गर्न सकियो भने मात्र वास्तविक किसानले दिवसको महत्व बुझ्न सक्छन् । अन्यथा दिवस केवल मनोरञ्जनका लागि मात्र हुनेछ । वर्षभरी खेत नटेक्ने तर दिवसको बेला के के नै काम गरे जसरी हिलाम्य हुने प्रवृत्तिको अत्यन्त गर्नुपर्छ ।

नेपालीको प्रमुख खाद्यान्न बाली धान खेतीलाई पर्वको रूपमा मनाउँदै जीवन्तता दिने गरिए पनि व्यवहारमा भने किसानका समस्या कम पीडादायी छैनन् । मनसुन सुरु भइसक्दा पनि धानखेतमा प्रयोग गरिने रासायनिक मलको सधैं अभाव रहने गर्दछ । खेती गर्नुपूर्व सक्कली धानको बीउ नपाइनु, खेतीका लागि आवश्यक आर्थिक परिचालन गर्न पुग्ने सहुलियत कृषि ऋणको अभाव हुनु, चर्को मिटर ब्याजको फन्दामा पर्नु, जनशक्ति अभावका कारण समयमै खेती गर्न नसक्नुजस्ता समस्या किसानमाथि आइपर्दछन् । बाहिर हेर्दा धान खेती र धान दिवसको जुन रोमाञ्चकारी सकारात्मक स्वरूप देखापर्दछ, भित्रभित्र भने किसान निकै मारमा परिरहेका हुन्छन् । किसानका यी दुःख र पीरमर्कालाई सरकारले यथासमयमा सम्बोधन गर्न सके मात्र धान दिवसको सार्थकता रहनेछ ।

### Opinion @ Social Network

केही पाउँदा भाग्यमानी अनि नपमउँदा अभागि मान्नेहरु,
हर कुरा कर्ममा भन्दा भाग्यमा भर गर्ने हुन्छन ।

(ललिता थापाको फेसबुक स्टाटसबाट https://www.facebook.com/Lalita.Thapa)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# परनिर्भरतामा आधारित नेपालको विकास प्रति उत्पादित



इन्द्रबहादुर बराल

*हाम्राजस्ता विकाशील देशहरूले आफ्नै स्रोतसाधनमा आधारित विकास निर्माणमा लाग्नु उपयुक्त देखिन्छ । यहीँबाट नेपालले आत्मनिर्भरताको बाटो पहिल्याउन सहज हुन्छ । त्यसैले राष्ट्रिय नीति निर्माणमा जनस्तरबाटै विशेष पहल हुनु आवश्यक देखिन्छ । माथि उल्लेखित दिगो विकासका लागि आवश्यक पर्ने नीति निर्माणपूर्व अगाडि थुप्रिएको राजनीतिक फोहोरको डंगुर सफा नगरी धरै छैन । भ्रष्टाचारका कारण जुन रूपले तीव्र गतिमा विकास हुनुपर्ने थियो त्यो हुन सकेन । यद्यपि विकास हुँदै भएन भन्ने चाहिँ होइन । तुलनात्मक हिसाबले स्वास्थ्य, सडक यातायात र सञ्चारमा धेरै प्रगति अनुभूति हुनेगरी भएको छ ।*

नेपालीहरूले आफ्नै मौलिकता 'मोडेल'मा विकासको ढाचा बनाउन नसक्दा देशले आशातित प्रगति गर्न सकेन । अरू देशको मोडेल र आर्थिक अनि प्राविधिक सहयोगले नेपालीहरूको आवश्यकतालाई सम्बोधन गर्न सकेन । हुनुपर्ने थियो आफ्नै विकासको ढाचा । नेपालले प्राप्त गर्ने अनुदान रकम र ऋण सहयोग खर्च गर्न हाम्रो आृनो किसिमले योजना छनोट हुन नसक्दा विकासको गति सुस्त हुन गयो । आफ्नो देशको भौगोलिक अवस्था र सम्भाव्यताको अध्ययन नगरी अरूको बहकाइमा लाग्दा आज विकासको गतिमा धेरै पछाडि पर्न गइयो । गरिबीको मार खप्नुपरेको छ । एकातिर दिनप्रतिदिन वैदेशिक ऋण थपिँदै जानुले अर्कोतर्फ प्रगति न्यून हुँदै गएर नेपालको अधोगति देखिने स्वभावैले प्रष्ट हुने नै भयो । नेपाल सरकारले नियमित वार्षिक बजेट ल्याउने गर्छ तर त्यस्तो वार्षिक बजेटको कूल रकममध्ये ६० देखि ६५ प्रतिशत साधारण खर्च हुने गर्छ । त्यस्तै झण्डै २० प्रतिशत जति ऋणको सावाँब्याज भुक्तानी गर्नुपर्ने हुन्छ । ल अब यसै अनुमान गर्न सकिन्छ कि विकास बजेटमा कति लगानी हुन्छ होला ? आर्थिक वर्ष २०८१/०८२ को बजेट १८ खर्ब ६० अर्बमध्ये १२ खर्ब त साधारण खर्चतर्फ विनियोजित छ भने ऋणको सावाँब्याज तिरेर बाँकी रकमबाट विकासको कल्पना गर्नुको कुनै अर्थ रहँदैन ।

तीनै तहका जनप्रतिनिधिलाई दिँदै आएको पारिश्रमिक 'तलबभत्ता' र अन्य अनुत्पादित खर्चहरू अविलम्ब कटौती गरेर विकास निर्माणमा लगाउन सके केही हदसम्म विकासको आश गर्न सकिन्छ तर हाम्रो राजनीतिक प्रणाली यस्तो देखिन्छ कि सबै तहका जनप्रतिनिधिलाई तलबभत्ता दिने व्यवस्था गरेको छ जसले जनप्रतिनिधि, जनप्रतिनिधि नभई कर्मचारी जस्तो बनाइयो । त्यतिले मात्रै नपुगेर उनीहरू अझै भ्रष्टाचारमा चुर्लुम्म डुब्न पाएका छन् । अनि विकास निर्माणको गति कसरी अघि बढोस् । यसको पछाडि दुईवटा कारणले प्रभाव पारेको छ । एउटा विकासको मोडेलमा आफ्नो मौलिकता 'देशको आवश्यकत अनुरूप' नहुनु अर्को भ्रष्टाचारमुक्त नहुनु । देशमा स्वाभाविक विकास भए पनि आवश्यकता र औचित्यमा आधारित विकास माथिका कारणले हुन रोकेको छ । प्रजातन्त्रको पुनर्स्थापनापश्चात् विकास विकास भन्दाभन्दै नेपालीहरू थाकिसके तर विकासले खासै गति समाउन सकेन । नेपालीहरू आजित भइसके तर उनीहरूको विकासप्रतिको चाहना जहाँको त्यही रोकिएको छ । जबसम्म हामी नेपालीहरूले विकासको मोडेलमा आृनो मौलिकता अपनाउँदैनौं तबसम्म हामी जहाँको त्यही टक्क रहने छौं । तसर्थ अब नेपालीले विकासको ढाचामा पुनरविचार गर्न आवश्यक हुन्छ । जुन-जुन देशहरूले ऋण तथा अनुदान दिने गरेका छन् उनीहरूकै स्वार्थमा काम हुने गरेको यथार्थ कहीं कतै लुकेछिपेको छैन । आज त्यही कारणले दाता राष्ट्रहरूले ऋण तथा अनुदान रकम एउटा हातले दिने र अर्को हातले लिने गरेका छन् । यस्तो अवस्थाबाट देशलाई मुक्त नगरेसम्म सोचेजस्तो विकास हुने देखिँदैन । यसर्थ आफ्नै आवश्यकता र परिवेशमा काम गर्ने वातावरण सिर्जना गर्नुपर्ने देखिन्छ । त्यसको लागि राजनीतिक तह, कर्मचारीतन्त्रमा अनि जनस्तरमा व्यापक बहस गरी आफ्नै मोडेलको विकास नीति निर्माण र अवलम्बन गर्न आवश्यक छ । आजसम्मको अनुभवले त्यही भनिरहेको छ । अन्यथा देशले विकासको दृष्टिबाट धेरै फड्को मारिसकेको हुन्थ्यो । त्यसैले देशले आत्मनिर्भरताको खोजी गर्न अति ढिला भइसकेको छ । आत्मनिर्भर बन्नका लागि के-कस्ता बाटा अवलम्बन गर्नुपर्छ, त्यसको निक्र्यौल गर्न अब ढिला गर्नु हुँदैन । सामान्यतया सबैले जान्दै र सुन्दै आएको कुरा हो कृषि, पर्यटन र ऊर्जा गरी तीनखम्बे विकास नीति उपयुक्त नीति हो । यही तीनखम्बे नीतिलाई आत्मसात गर्दै राष्ट्रिय नीतिको रूपमा लिएर एकताबद्ध भए निश्चय नेपालमा आशलाग्दा विकासका कलिला मुनाहरू भर्भराउँदा भएर आउनेमा कुनै शंका छैन । हामीले ऊर्जा र पर्यटन विकासका लागि आवश्यक पूर्वाधार तयार गर्नासाथ उद्यमशील हातहरू सल्बलाएर आउने छन् । त्यस्तो अवस्थामा न उद्यमहरूको खाँचो हुनेछ न पुँजीको नै । देशको दिगो विकासका लागि यति सजिलो उपाय पनि मार्गदर्शकका रूपमा नलिने हो भने अवश्य नेपालीले युग युगसम्म परनिर्भरताको चंगुलबाट कहिल्यै छुट्कारा लिन सक्ने छैनौं । ठूलठूला औद्योगिक देशहरूले दीर्घकालसम्म आृना स्रोतसाधनको पर्याप्त व्यवस्थापनको कमीमा कुनै बेला त्यस्ता देशहरू धराशाही हुने खतरा रहन्छन् । तर, नेपालको कृषि, पर्यटन र ऊर्जा 'जलस्रोत' उद्योग सदाबहार चल्ने उद्योग हुन् जुन कहिल्यै रोकिनु पर्दैन मात्र समय र परिस्थिति अनुकूल चल्न सक्नुपर्छ । यति सजिलो र आत्मनिर्भर बन्न सकिने विकास नीति अवलम्बन गर्न छोडेर विकसित देशहरूको बहकाइमा ठूलठूला विकास आयोजनाका पछि लागेर हामीले आफ्नो सम्भाव्यताको अवमूल्यन गरिरहेका छौं । अरूको देखेर नबहकियौं बरू 'स्मल इज ब्युटिफुल' भन्ने विचारलाई केन्द्रमा राखेर अघि बढ्दा दिगो विकासको आधार तयार हुने निश्चित छ । हाम्राजस्ता विकाशील देशहरूले आफ्नै स्रोतसाधनमा आधारित विकास निर्माणमा लाग्नु उपयुक्त देखिन्छ । यहीँबाट नेपालले आत्मनिर्भरताको बाटो पहिल्याउन सहज हुन्छ । त्यसैले राष्ट्रिय नीति निर्माणमा जनस्तरबाटै विशेष पहल हुनु आवश्यक देखिन्छ । माथि उल्लेखित दिगो विकासका लागि आवश्यक पर्ने नीति निर्माणपूर्व अगाडि थुप्रिएको राजनीतिक फोहोरको डंगुर सफा नगरी धरै छैन । भ्रष्टाचारका कारण जुन रूपले तीव्र गतिमा विकास हुनुपर्ने थियो त्यो हुन सकेन । यद्यपि विकास हुँदै भएन भन्ने चाहिँ होइन । तुलनात्मक हिसाबले स्वास्थ्य, सडक यातायात र सञ्चारमा धेरै प्रगति अनुभूति हुनेगरी भएको छ । शिक्षामा धेरै विकास भएको छ तर त्यसको अन्तिम लाभ नेपालले लिन सकेन । त्यसैले विकास भए गरेर पनि त्यसको स्वामित्व लिन सकिरहेको अवस्था छैन । यसको पछाडि देशका दक्ष अदक्ष सबै खाले युवा जनशक्ति विदेश पलायन हुनु हो । त्यो ठूलो जनसंख्या जुन युवा शक्ति विदेशी राखेको छ तिनीहरूलाई रोक्न नसक्नु राजनीतिक नेतृत्वको अकर्मण्यता र असक्षमता हो । राजनीतिक नेतृत्वले राष्ट्र निर्माणको व्यावहारिक र दिगो विकासका नीति अवलम्बन गर्न सक्नुपर्थ्यो जुन भ्रष्टाचार र कमिसनको चक्करमा गर्न चाहेनन् । साथसाथै केही संवैधानिक त्रुटिहरू पनि कार्यान्वयन गर्ने क्रममा देखिन थाले । हाम्रोजस्तो सानो भूगोलमा संघीयताको त्यति औचित्य थिएन कि भन्ने देखिन आएको छ । सानो देशमा ठूलो संख्यामा पारिश्रमिक बुझ्ने जनप्रतिनिधिको व्यवस्था हुनु पनि प्रत्युत्पादक जस्तै मानिँदै छ । यसो हुँदाहुँदै पनि राज्य सञ्चालनमा पुगेका जनप्रतिनिधिहरूमा शुद्धता र कार्यकुशलता हुन्थ्यो भने अवश्य अहिलेको जस्तो असन्तुष्टि हुने थिएन कि भन्ने अनुमान गर्न सकिन्थ्यो तर परनिर्भरतामा आधारित विकास नीतिले यहाँ भएका विकास निर्माण राष्ट्रिय हितअनुकूल हुन सकेनन् । तसर्थ अब बरू ढिलै किन नहोस् तर दिगो विकासका लागि हामीले कृषि क्षेत्रलाई नै उच्च-प्राथमिकतामा राखेर जानुपर्ने देखिन्छ । जसबाट दैनिक उपभोग्य वस्तुहरू उत्पादन गर्न सकियोस् । झट्ट हेर्दा वा सुन्दा सामान्य लागे पनि गहिराइमा सोच्ने हो भने ती दैनिक उपभोग्य वस्तुको उत्पादनले विशेष महत्व राख्दछ । यसर्थ हाम्रो सन्दर्भमा सरकारी बजेटको ठूलो हिस्सा कृषिमै विनियोजित हुनु आवश्यक छ । सिँचाइ, रासायनिक मल र कृषि सामग्री आदिमा विशेष जोड दिनुपर्छ । अर्को विदेशी मुन्द्रा आर्जन गर्न जलविद्युतको विकास गरी छिमेकी मित्र राष्ट्रहरूमा बेचविखन गरेर आय-आर्जन गर्नतिर लाग्नुपर्छ भने पर्यटन क्षेत्रको विकास गरी नेपालीहरू विदेश जाने होइन कि विदेशीहरू नेपाल भित्र्याउने नीति अवलम्बन गर्न अब ढिला नगरौं । यी तीन क्षेत्रविना कुनै अवरोध तीव्रताका साथ अगाडि बढ्न सके नेपालले आफ्नो रूप छिट्टै फिर्नेमा कुनै आशंका छैन । यदि होइन यथास्थितिमै टक्क रोकियौं भने अवश्य हाम्रो अघोगति यसभन्दा डरलाग्दो हुने पक्का छ । यस पृष्ठभूमिमा हाम्रो राजनीतिक पद्धति र हाम्रा नेतृत्वको यही चालाले नेपालको अस्तित्व जोगाउन सक्लान् जस्तो देखिँदैन । अब पर्ख र हेरको बेला छैन । एउटा गैरराजनीतिक जनस्तरबाट राष्ट्रिय एकता कायम गर्दै जानुको विकल्प देखिँदैन । यस प्रसंगमा राष्ट्रिय जीवनमा ख्याति प्राप्त नागरिक अगुवाहरूको महत्वपूर्ण भूमिका आवश्यक मानिएको छ । जस्तो विगतको पहिलो र दोस्रो जनआन्दोलनमा पनि नागरिक अगुवहरूको प्रभावकारी भूमिका थियो । अब अन्तिम आन्दोलन विकास निर्माणको माध्यमबाट समृद्धि सम्भव छ तर त्यसभन्दा पहिला यहाँको व्यथिति, व्यविचार, घुसखोरी, ढिलासुस्ती, कमिसनतन्त्र र भ्रष्टाचारको जरैदेखि समूल नष्ट नगरी सुखै छैन । फोहोर र दुर्गन्धमा टेकेर वा तिनैलाई आधार मानेर हामीले कल्पना गरेको नेपालको नवनिर्माण सम्भव छैन । त्यसैले अब शून्यबाट प्रारम्भ गरी समृद्ध नेपालको सुन्दर कल्पनाको बाटो तयारीमा लागौं ताकि परनिर्भरतामा आधारित नीति हाम्रा लागि प्रतिउत्पादक हुनबाट जोगायौं ।

**-इहिमालय टाइम्स डटकम**

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : पेसा व्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ । | **तुला** : रमाइलो यात्रा गर्ने अवसर छ । परिवारजनको साथले आशा पलाउनेछ । |
| **वृष** : बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको काम सम्पादन हुन सक्छ । | **वृश्चिक** : परिश्रमको उपलब्धि राम्रै पाइनेछ । कामले तीव्रता लिनेछ । |
| **मिथुन** : प्रतिस्पर्धामा सफलता मिल्छ । अधुरा कामहरु पूरा हुनसक्छ । | **धनु** : नोकरी गर्नेले सम्मान पाउने छन् । छोटो यात्राको सम्भावना छ । |
| **कर्कट** : रोकिएका काम सुरु हुन सक्छ । न्यायिक कार्यमा सफलता मिल्नेछ । | **मकर** : हाँसखेल र मनोरञ्जन पूर्ण समय छ । पारिवारिक सुख मिल्नेछ । |
| **सिंह** : विचार पुर्‍याएर निर्णय लिनुपर्छ । मनमा दोधारको अवस्था सिर्जना हुनसक्छ । | **कुम्भ** : रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ । |
| **कन्या** : काममा सफलता हुनेछ । यात्रामा सावधानी अपनाउनु पर्नेछ । | **मीन** : व्यवसायीको रमाइलो यात्राको योग छ । अतिथिको रूपमा सत्कार पाइएला । |

# साहित्य दर्पण

समालोचना — सुजना ओली

## जलसमाधि

योगमायाको कविताहरूले प्रभावित भएर उनका अनुयायीहरू बढ्दो क्रममा थिए भने उतातिर उनी आफैं जुद्द शमशेरलाई भेट्ने तयारीमा थिइन् । धेरै समयको पर्खाइपछि आज योगमाया जुद्ध शमशेरसँग भेट्न जाँदै थिइन् । पशुपति अगाडि आफ्नो केही सेनाहरूसँग बसेका जुद्ध शमशेरतिर योगमायाको आँखा गयो । भेटको स्वागत पछि, उनीहरू बिच केही बेर भलाकुसारी चल्यो । जुद्ध शमशेर आफै धार्मिक प्रवृतिका थिए । योगमायाको कुरा गराइको शैली, र धार्मिक ज्ञान देखेर उनी प्रभावित भए । समाजप्रतिको दृष्टिकोण, मानव जीवनप्रतिको उनको विचार पनि प्रशंसा गर्न लायक थियो ।



अन्तमा जुद्ध शमशेरले भने, 'यहाँसम्म के कारणले भेट्न आउनुभयो ? भन्नुस् म तपाईलाई कसरी सहयोग गर्न सक्छु ?' योगमायाले जुद्ध शमशेर तिर हेर्दै भनिन्, 'एउटी भिक्षुणीलाई के नै चाहन्छे र ! म सत्य र धर्मको भिक्षा चाहन्छु । के दिन सक्नुहुन्छ ?' 'मैले राम्रोसँग बुझिन नि ।' 'हाम्रो जस्तो पवित्र भूमिमा अधर्मको राज चलेको छ । यो सुहाउने कुरा होइन । जनताहरू अन्यायमा परेका छन्, आमाहरू समस्यामा छन् । नारी पुरुषमा भेद रहेको छ, सतिको नाउँमा नारीहरूलाई जलाइएको छ । सबैलाई न्याय दिलाउन पर्‍यो सरकार, धर्मको राज हुनुपर्‍यो ।' योगमायाले धर्म राज्यको माग गरिन् । योगमायाको प्रस्तावलाई सुनेपछि जुद्ध शमशेर एकछिन गम्भिर भए र सोचे, 'तिमीले भने जस्तो गर्नलाई त सत्ता नै परिवर्तन गनुपर्छ माता जुन सम्भव छैन ।' प्रकटमा भने,' ठिक छ, म प्रयत्न गर्ने छु माता, तपाई ढुक्क भएर जानुहोस् ।' योगमायाले धर्मको आडमा समाज सुधारको प्रस्ताव अगाडि सारेकी थिइन् । त्यसलाई ठाडै अस्वीकार गर्दा आफू अधार्मिक भइने डर थियो । उनको ख्याति फैलदै थियो । जुद्ध शमशेरले धार्मिक सुधार पनि गर्न चाहेनन् भन्ने सन्देश बाहिर जाँदा उनका विरोधीहरूलाई बल पुग्थ्यो । उनी त्यस्तो हुनदिन चाहँदैनथे । महिनौं बित्यो तर पनि जुद्ध शमशेरले दिएको वचन पालन गरेको देखिएन । उनले कुनै पनि सुधार गरेनन् । केही उपाय नलागेपछि योगमाया त्यहाँबाट आफ्नै गाउँ भोजपुर फर्किइन् । योगमाया भोजपूर फर्केको पनि महिना दिन भइसकेको थियो । आएदेखि नै उनमा पहिला जस्तो चमक र उत्साह नदेखेपछि उनकी एक शिष्य मनकुमारी योगमायाको छेऊमा गइन् र सोधिन्' हजुर आएदेखि नै अलिक निराश हुनुहुन्छ । काठमाडौं भ्रमण सोचे जस्तो भएन र ?' योगमायाले जवाफ दिइन्, 'त्यस्तो केही होइन । तर आफूले त्यत्रो आवाज उठाउँदा पनि कसैले नसुनिदिए पछि दुःख त लाग्दो रहेछ ।' 'त्यस्तो नभन्नुहोस् न । हजुरको आवाज जनता जति पनि सुन्न तयार छन् । जनताको आवाज बनेर हजुरले लैङ्गिक विभेद, जातीय छुवाछुत र सती प्रथा अन्त्य गर्न खोजेकोमा उनीहरू धेरै धन्य छन् र हजुरबाट प्रेरित भएर समाजमा केही परिवर्तन ल्याउन अगाडि बढिरहेका छन् ।' उनको कुरा सुनेर योगमायाले भनिन्, 'यहि त समस्या हो, भक्तहरूले मबाट धेरै आशा राखेका छन् र उनीहरूलाई म निराश पार्न पनि चाहँदिन ।' एकैछिन योगमाया गहिरो सोचमा परिन् र आफ्ना सबै शिष्याहरूलाई डाकिन् । यसरी अचानक आफूलाई डाकेपछि सबैजना हस्याङफस्याङ गर्दै आश्रम आइपुगे ।

केहीबेर मै आश्रममा छलफल सुरू भयो । छलफलको क्रममा योगमायाले भनिन्, 'मेरा प्यारा शिष्यहरू, सरकार हाम्रो आवाज सुन्न तयार छैन, हामी धर्मका पक्षमा बोल्छौं तर हाम्रो मुख थुनिएको छ । त्यसैले यदि तपाईहरूको साथ मिल्यो भने सबैजना विशाल चितामा बसेर आत्मदाह गर्ने मेरो निर्णय हो । यस्तो अधर्मको देशमा बस्नुभन्दा मृत्यु श्रेयस्कर छ । यसले सरकारलाई पनि धर्न स्थापनाको लागि दबाब सिर्जना हुन्छ ।' उनी एकछिन मौन भइन् । आश्रममा सन्नाटा छायो । 'तर म हिड्न लागेको बाटोमा पछ्याउन कसैलाई पनि कर गर्दिन ।' उनले फेरि भनिन् । योगमाया २४० शिष्य सहित चितामा बसेर आत्मदाह गर्न लागेको खबर डढेलोसरी फैलियो । धार्मिक प्रवृत्तिका जुद्ध शम्शेर यो अधर्मको पाप बोक्न तयार थिएनन् । यस घटनाले जनतामा राम्रो सन्देश पनि जाँदैनथ्यो । त्यसैले जुद्ध शम्शेरले आफ्ना सेनाहरूलाई यो समाधी रोक्न आदेश दिए ।

समाधीको दिन योगमाया र उनका शिष्यहरूलाइ गिरृतार गरियो । योगमाया जेलमा आफू छुट्ने दिन कुर्दै बसिन् । गिरफ्तार गरेको केही दिनपछि योगमाया उनका केही शिष्याहरूलाई रिहा गरियो । आफ्नो पहिलो समाधि असफल भएपछि उनले फेरि अर्को समाधि गर्ने विचार गरिन् । तर यो समाधिको योजना बारेमा कसैलाई थाहा दिइएन । रातको समय थियो । अरुण नदीको किनारमा ३८ जना शिष्याहरू सहित योगमाया बसिरहेकी थिइन् । योगमायाले आफ्नो टाउकोमा तेलको बत्ती राखिन् र चट्टानमा चढेर नदीमा हाम फालिन् । त्यसैगरी एक पछि एक उनका शिष्याहरूले पनि हाम्फाल्दै गए । अर्को दिन योगमायाका दुई शिष्याले पनि नदीमा हाम्फालेर आत्मदाह गरे । योगमाया उनका शिष्यहरूद्वारा गरिएको जलसमाधिको खबर राष्ट्रव्यापी रुपमा फैलियो । राणाहरूले उनका कुरा नसुने पनि उनीहरूको त्यस कदमले जनतालाई सचेत भने बनायो ।

*-रातोपाटी डटकम*

### म भक्त भूमिको



*विमला पाण्डे*

तिमी एउटा जमीन,तिमी एउटा सुन्दर माटो
आन्नद लाग्छ खाँदा आफ्नै ठाउँको आटो ।

म पसिना बगाउँदै छु तिमीमा रगत होईन्
के लेख्नु खै तिमी जति सर्वश्रेष्ठ केँही छैन् ।।

सुन्दर बिरूवाको टिलपिलाउदौं फूल हौं तिमी
अनेकौं लडाँईपछि टुक्रिएको जुन हौं तिमी ।

होलान् तिमीमा दागहरू अँगालौंला मायाले,
स्वर्गको आभाष दिलाउने छ तिम्रो छत्र छायाले ।।

समस्यासँग जुधेर तिम्रो काख मै मर्ने धोको
परदेशको मोहले तान्यो,हरेक कुरा परिस्थितिले रोको ।

प्रकृतिको तिमी एउटा विचित्र बलिदान
श्रमले रङ्गाएर सदैव गर्नेछु तिम्रो मान ।।

सुर्य र चन्द्र जस्तै सधैं तिमी अटल रहनु
आधुनिकतामा आएका बाधा तिमीले सहनु ।

अस्तित्व तिम्रो सङ्कटमा छ कसलाई के भन्नु,
हराउला कुनै दिन तर सपना मेरो देशभक्त बन्नु ।।

कथा — भोज अर्याल

## कुलबहादुर

एउटा बलवान व्यक्ति थिए । उनको शरीर हट्टाकट्टा नै थियो । छोटो कद भएका उनमा आत्मबलको कमी थिएन । कालो वर्ण भएका उनी मुखभरि धब्बाले भरिएका पुरुष थिए । के कसरी धब्बा बसेको होला, मेसो त पाइनँ । तर, 'सानैमा म बिरामी थिएँ रे' भनिरहन्थे उनी । दशक बढी उनकै आसपास रहँदा उनी बिरामी परेर लडेको कहिल्यै देखिएन । सधैं तन्दुरुस्तै । उनी एक गरिब परिवारका कर्मवीर योद्धा थिए । उनका बाआमा र अरू परिवारका सदस्य कहाँ छन् भन्ने अत्तो पत्तो उनैलाई पनि जाद्रै थिएन । वर्षौं सँगै हुँदा पनि उनलाई कोही आएर भटेभैँ लागेन । नाम उनको कुल भए पनि कुलको कुनै पत्तो फाँट नहुँदा उनी बेकुलका मान्छे भैँ थिए । तर उनी बहादुर थिए भन्ने कुरा उनलाई बाह्र वर्ष पढेपछि बुझ्न सकेको थिएँ । उनी मेरा असल छिमेकी थिए । अहिले केवल सम्झनामा छन् । उनी यस कथाका काल्पनिक पात्र हैनन् तर अहिले काल्पनिक नै लाग्छ । सत्य पनि समय बित्दै जाँदा असत्य भैँ लाग्नु सत्य कुरा रहेछ ।

कुलबहादुर एउटा म जस्तो फुच्चे बाहुनको नजिक रहेका कामी पुरुष थिए । जुन पर्खाल उनी र म मिलेर कहिल्यै भत्काउन सकेनौं । उनको टाउको ओतिने सानो घर थियो जहाँ उनी र उनकी श्रीमती सँगै बस्थे । उनले श्रीमतीलाई चाट्नै खोज्थे मायाले ! उनकी श्रीमतीलाई हिंड्न-डुल्न र गाह्रो हुन्थ्यो । सबै काम आफै गर्न खोज्थे । उनीहरूको सन्तान थिएनन् तर बिहे हुँदै छोरीहरू ल्याएरै आएकी रहेछन् ! दोस्रो घरबार थियो त्यो उनको । एउटा भैंसी पालेका थिए । आफ्नै सन्तान भैँ गर्थे । भैसींको पाडीलाई आफ्नै ठान्थे ! घुमफिर गरेर आउँदा एक मुठी घाँस ल्याएर मुखमा पुऱ्याउँथे, मुसार्थे र भैंसी पनि टाँसिनै खोज्थ्यो । एउटा कालो कुकुर अनि कुखुराका चल्ला पालेका थिए । कुकुर अलि जाद्रो थियो । नचिनेको मान्छेलाई खानै खोज्थ्यो ! तर रक्षक नै थ्यो कुकुर हाम्रो पनि । रातमा कहीँ रुखको पात खस्दा पनि झन्केर भुक्थ्यो । पुस-माघ महिनामा छाउरा काढ्थ्यो । त्यस बेला त झन् कसैलाई बाटै हिंड्न नदिने ! झम्टिहाल्ने । कहिले उनका कुखुरा हाम्रो तिर आएर बेर्नाहरू भुर्कुट पार्थे । अनि आमा रिसले चुर हुनुहुन्थ्यो । उनी केटा केटी देख्दा रमाउँथे, माया गर्थे ! मुसार्थे, काखमा हाल्थे, दारी दल्दिन्थे, सुम्सुम्याउँथे ! भलै उनी निसन्तान थिए । घाम ताप्न रमाउँथे पुस-माघ तिर । घाममा सुत्थे घोप्टो परेर ! म जस्ता त्यो समयका बच्चालाई ढाडमा उफ्रिन लगाउँथे र आनन्द मान्थे ! म जस्ता स्कुले बच्चालाई 'उमेर कति होला मेरो' भनेर हिसाब निकाल्न लगाउँथे । जन्मेको साल दिएर । म १४-१५ को हुँदा उनी ६५ का पुगेका रहेछन् । आफू पनि औंला भाँच्थे र उमेरको फारो लगाएर टाउको हल्लाउँथे ! तीन, बिस र पाँच ! हामीले उनलाई दाइ भन्ने गर्थिम् । कोही कुलबहादुर भनेर बोलाउँथे । कोही जेठा भन्थे । हजुर बाको उमेरको मान्छेलाई दाइ भन्नु कतै जातियताको जन्जालले बनाएको नाता हो कि भैँ लाग्छ ! अहिले सम्झिँदा । तर त्यसको हिसाब निकालेनम् कहिल्यै पनि ! उनी गाउँघरका कटुवाल थिए । भैपरि आउँदा घरघरमा समाचार पुऱ्याउने काम उनको ।

आजको भैँ फोन त देखेकै थिएनम् हामीले । त्यो दूरदराजको झुपडीतिर ! उनी एक हिसाबले सारा गाउँका दूत वा मेसेन्जर हुने गर्थे ! उनको साथमा एउटा दमाहा अटुट हुने गर्थ्यो । सधैं नै चुस्त दुरुस्त राख्थे दमाहा ! केही काम पर्दा उनैले सबै गाउँलेलाई भेला पार्न उर्दी गर्थे ! दमाहा डोरीले थाप्लोमा बोकेर डाँडातिर जान्थे अनि उभिएर घाँटीमा झुन्डाउँथे दमाहा ! दुई वटा काठको डन्डी जसलाई उनी गजो भन्थे ! गजोले बाजा ठोक्थे एक सुरले उनी । दुई-तिन मिनेट पछि बाजा रोकेर उनी तल गाउँ तिर फर्केर घोक्रो फुलाएर भन्थे, 'लौ है साहेप हो ! भोली यति बजे यहाँ आइपुग्नु कुर्रे नामको मानिस ।' उता गाउँलेहरू कान थापेरै बस्थे । आदेशपालक भैँ भोलि पुगेकै हुन्थे ! बाटो खन्न, स्कुल बनाउन, मन्दिर बनाउन, आदि कामको लागि । दशैं-तिहारमा उनी अलि व्यस्त हुन्थे ! बाटो खनाउन, मन्दिरमा सर-समान र पुजारीको रासन जुटाउन ! राम नवमीको दिन त भ्याइनभ्याई हुने, उनको त्यो व्यस्तता ! कति कति । हरेक ठाउँ पुग्नु पर्ने उनै ।

केही पऱ्यो कि सबैले कुलबहादुर भनिहाल्ने । ठुलाबडासँग उनको सिधा सम्पर्क हुन्थ्यो । उनी त दाहिने हात पो थिए सबैका । दशैंको बेला भिडभाड हुने ठाउँमा उनी पुग्थे लौरोले भिड नियन्त्रण गर्न ! हानुँला भैँ गरे पनि हान्दैनथे कसैलाई पनि ! कहिलेकहीं त हम्मे नै पर्ने गर्थ्यो उनलाई ! उनीसँग एउटा कालो झोला थियो । कहिल्यै धोएनन् उनले त्यो झोला ! दशैं-तिहारको भागभुग्रो उठाउन उनी हिंड्थे झोला बोकेर गाउँघरतिर । दशैं त सबैभन्दा छिटो उनै को आउँथ्यो र पछिसम्म उनैको रहन्थ्यो ! बाहुनलाई उनी बिस्टवान् भन्थे ! भेट्दा 'जदौ साहेप !' भनेर शिर झुकाउँथे । मान खुबै गर्ने उनको बानी थियो । बोलीमा मिठास धेरै थियो । नरमपन अनि सबैको प्यारो मान्छे ! दुनियाँले चिनेको-जानेको छ । कति ठुलो सामाजिक कद हो ! लोभ लाग्दो । जुन कुरा ठुलाठालु बनेर गफ दिने आजकाका मान्छेमा समेत पाइँदैन ! तिहारमा उनी देउसी भैलो खेल्थे साथीभाइहरू सँगै ! उनी गुन्युचोलीमा चिटिक्क हुन्थे । गरगहना लगाउँथे र मारुले बन्थे । झमझम मादलमा फेरो मार्दै खुबै नाच्थे उनी । जुता-चप्पल लाउँथेनन् उनी । नाच्दा काला तिघ्रा अनि पट्ट फुटेका उनका खुट्टा स्पष्ट देखिन्थे । उनको टाउको हल्लिरहन्थ्यो । किन हो खै जानिएन । कसैले त हनहने पनि भन्थे जिस्किएर उनलाई । उनले कहिल्यै नुहाउने धुने दुख गरेनन् । तर निरोगी मानिस थिए उनी । चाडपर्वमा उनको घर भरिभराउ हुन्थ्यो छोरीज्वाइँ र परपाहुनाले । अलि अबेरसम्म आएनन् भने टोलाउँथे र रुन्छन् कि भैँ गर्थे । नाति-नातिना चेप्राउँथे काखमा । कहिल्यै झर्केनन् । सानो घरमा कसरी अट्थे होला धेरै पाहुना ? अचम्म लाग्थ्यो ! अलिअलि जाँड खान्थे कहिले कसो ! उसो त छोरीज्वाइँले पनि कोसेली बोकेर आएकै हुन्थे । जाँडपानी र पाडाको साँप्रो ! हल्का रमाइलो त गर्थे उनी । तर मातेर हिंडेनन्, रक्सीको ताल र सुरमा । खराब वचन बोलेनन्, कसैको मनमा बिझ्ने गरी । भद्र पुरुष थिए । जो आज सबैको मनमनमा बसेका छन् । धेरै जसो भैंसीको मासु पाक्थ्यो उनको चुल्होमा ! साँझ अबेर मात्र पकाउने गर्थे ! मासु छिल्दा घरै भत्केको जस्तो आवाज हुन्थ्यो । अनि पोलपाल गरेर खान्थे मासु । पोलेको बास्ना हामी भैंसी नखानेको मुखमा पस्न खोज्थ्यो ! तर सम्हालिनुको विकल्प थिएन ! मासुमा पिठो राखेर खान्थे । मिठो चोखो खाने कुरा उनी र हामी बिच चल्थेन ! तर अरू कुरा चल्थ्यो ।

नपकाएको चामल-तरकारी ! किनकि समाज नै जातभातको कुरामा बढी विश्वास गर्ने ! कहिले कहीं बुढाबुढी बीच ठाकठुक परेको हुन्थ्यो तर छिनमै मिलिहाल्थे । टिमुर खर्के भन्थे बुढीलाई बोलाउँदा ! बुढीको अरू नाम थिएन । टिमुर खर्क बाट नै ल्याएका रहेछन् बिहे गरेर । कहिले त छिरफुर पनि बोल्थे तर अरूले नसुन्ने गरी । चुरोट तान्थे उनी धेरै जसो । कोही देश-विदेश बसेर आउँदा एक खिली चुरोटको आस गर्थे । धेरैले दिन्थे पनि । केहीले भने दुई-चार पैसो हातमा हाल्दिन्थे । उनी मख्ख पर्थे ! एउटा सुर्कनी थैली थियो जहाँ उनी पैसा राख्थे ।

रामरसतिर जाने बेला छोरीचेलीलाई दिने गर्थे । दया-मायाका खानी नै थिए ! दिनभरी गाउँघर चहारेर साँझ फर्किन्थे घरमा । तर्रर पसिना पुछ्थे आफ्नै टोपीले । अनि चिसो पानी घटघट पिउँथे नबिसाई । अनि घरको पिँडीमा फ्यात्त पसारिन्थे । 'के खाने हो खै आज । ढिँडो होड्ल्ले त होला' भन्थे ! खुबै मिठो मानेर सिस्नु पकाएर खान्थे दुबै जनाले । कहिले त झमक्क अँधेरै हुन्थ्यो घरमा पुग्दा ! तर गजबले हिंड्थे अँध्यारो मै पनि ! उनका आँखा बुढेस कालमा पनि निकै तेज थिए । कहिले माथिनेर घर जान्थे रातीसम्म गफगाफ गरेर बस्न ! हामी भित्र, उनीहरू ढोका बाहिर ! मिठा कुरा हुन्थे । बाहुनको घरमा पस्ने कुरै थिएन ! उसो त हामी पनि पसेको हुदैँनथिम् उनको घरभित्र । दुई बीचको अन्य मान्यता तोड्न सफल भए पनि घरभित्र नपस्ने चाहिँ तोड्न सकेनौं दुवैले । उनी देश र दुनियाँका कुरा बुझेर हामीलाई सुनाउँथे । राजनीतिमा चाख राख्थे । चुनाव आउँदा उनैलाई लाग्थ्यो धेरै । कसलाई कहाँ भोट दिने हो उनी तानाबाना बुन्थे । जुगजमाना बिग्रियो हजुर भनेर चिन्ता उस्तै गर्थे । 'बाहुनहरू आफ्नो सत धर्म छोड्न पुगेको कुरा' गर्थे उनी, 'हामी मतवाली जात आफ्नै ठाउँमा छौं तर बाहुन भनाउँदाहरू खोजेरै हिँड्छन् ठाडो घाँटी लाउन' । उनी बिचारका पक्का थिए ! 'कामीको छोरो हुँ, झुटो बोल्न जान्दिनँ नानी !' भन्थे उनी । कुनै कुराको रबाफ र घमन्ड थिएन । सम्बन्ध र बिचार दुवै राम्रो ! उनी दामी बिचार भएका कामी थिए । मान्छेले मान्छे खाने जमाना आउँछ भन्थे उनी ! हुन पनि भयो त्यस्तै । खान त खाएनन् तर मार्ने र मर्ने कुरा छिटै नै भोग्न र जान्न पायो दुनियाँले । उनी जस्ता सामान्य व्यक्ति पनि कसरी विज्ञको कुरा बोल्न सकेका हुन् ?

पढालेखा नभएका कटुवालले कसरी देश र दुनियाँको गहिरो ज्ञान राख्न सकेको ? कसरी समाजमा सबैको प्रिय पात्र हुन सकेको । कसरी समाजलाई गहिरोसँग बुझेको ? कसरी त्यो समाजमा दूत भएर मिलाएको ! करिब १६ वर्ष पुग्नै लाग्दा उनको नजरबाट धेरै पर पुगेको थिएँ ! त्यस बेला उनले सारै नजाती मानेका हुन् ! किनकि हाम्रो मित्रताले त्यही नेर बिराम लगायो र म समथर भूभागतिर बसाइ सरें । मेरो र उनको भेट कहिल्यै भएन त्यस उप्रान्त ! आउने-जाने मान्छेको मुखबाट सुनेको थिएँ । केही वर्षमै श्रीमती बितिन् रोगले गालेर । हुन पनि सारो अम्मली थिइन् उनी ! त्यसपछि त झन् उनी एक्लो टुहुरो परेछन् ! अलि वर्ष पछि कटुवाल काम छोडेछन् । उमेर घर्किंदै गएर उनी बुढा भएर बेसहारा भैँ परेछन् । त्यो झुपडी त झन् क्षीण हीन हुन पुगेछ । सहयोगी कोही नहुँदा धेरै गारो परेछ । अन्तमा उनी पनि परलोक गएछन् जुन कुरा धेरै पछि पो सुन्न पाइयो ! यदि उनी जीवित भएको भए यो सबै कथा र व्यथा सुनेर कि त उनी हाँसेका हुन्थे या सम्झिएर रुन्थे ! तर उनी फलाम जस्तै दह्रो आत्मबल भएका सामाजिक अभियन्ता थिए जुन कुरा उनका कथाका पन्ना पल्टाउँदा सजिलै थाहा हुन्छ । उनी कुल बिनाका कुल थिए । एक्लो जस्तै देखिए पनि उनीसँग संसारै थियो । जुन कुरा सम्झिएर लोभ नै लाग्ने गर्छ..!

*-साहित्यपोस्ट डटकम*

# मानवधिकार बर्ष पुस्तक २०२५ को अर्धवाषिक समीक्षा




**पाल्पा,** असार १४/नेपाल मानवधिकार बर्ष पुस्तक २०२५ को अर्धवाषिक पूर्व समीक्षा गरिएको छ । अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेक पाल्पाले ६ महिना भित्र जिल्लामा घटेका तथा हनन भएका मानवअधिकार हननका घटनाहरुको सार्वजनिक गरेको हो ।

६ महिनाको अवधिमा जिल्लामा ६ जना बालिका र ४ महिलाहरु बलात्कृत भएका इन्सेक पाल्पाले जनाएको छ । कार्यक्रममा समन्वय प्रमुख टंकनाथ खनालले अहिले संघ र प्रदेशका रकमबाट जताततै असारे विकास भईरहेको र यस्तो विकास पानीको भेलसागै बगेर जाने अवस्था रहेको उल्लेख गरे । उनले भने 'जिल्लामा अधिकाशं गरेका असारे विकास गुणस्तरीय छैनन, हामीलाई अनुगमन गर्ने जिम्मेवारी मात्र दिएको छ तर दक्ष प्राविधिक कर्मचारीको दरवन्दी भए पनि व्यबस्थापन नहुँदा तेस्रो पक्षबाट अनुगमन गर्न नपाउँदा पाल्पामा गुणस्तरीय काम हुन सकेको छैन ।'

हामीले नादङ्गो आँखाले काम राम्रो भएको देखेका छैनौ, तर प्राविधिकको रिपोट विना बोल्न सक्ने अवस्था नभएको र एउटै संस्थाले काम दिने उही संस्थाले अनुगमन गर्ने प्रक्रिया नै गलत रहेको समन्वय प्रमुख खनालले उल्लेख गरे ।

ज्ञशहरमा सबैको आँखा पुगे पनि गाउँ-गाउँमा धेरै मानवअधिकार हनन्का घटनाहरु भएको बरिष्ठ पत्रकार मेघराज शर्माले बताए । उनले भने' अधिकाशं घटनाहरु मिलापत्रको नाममा गाउँमै दवाइन्छन् गाउँ-गाउँमा पुगेर त्यस्ता घटना संकलनमा पत्रकार र इन्सेक सक्रिय भएर लाग्नुपर्छ ।' पत्रकार महासंघ पाल्पाका अध्यक्ष रेखीराम रानाले जनताले अधिकार नपाउनु, संविधानमा भएका सेवा सुविधाहरु नपाउनु पनि मानवअधिकार हनन् भित्र पर्ने बताए । कार्यक्रममा पत्रकार महासंघका उपाध्यक्ष भरत शर्मा, कोषाध्यक्ष मुक्ति न्यौपाने, प्रेस चौतारीका केन्द्रीय सदस्य मिलन वि.क., प्रेस चौतारीका जिल्ला अध्यक्ष कृष्ण कार्की, पत्रकार महासंघका सदस्य कृषण पोखरेल लगायतले दिनहुँ बजारमा कालो बजारी हुँदा समेत सम्बन्धित निकाय मौन हुनु, चाडपर्व लक्षित बजार अनुगमन गरिनु, बजार अनुगमन गर्दा बदमासी गर्नेहरुलाई छुट दिने काम भएकोमा चिन्ता व्यक्त गरे । उनीहरुले दुधको मूल्य अन्य जिल्लामा भन्दा पाल्पामा महँगो भएको, नाई संघले आफुखुसी मुल्य बृद्धि गर्दै आएको समेत बताए ।

यस्ता गतिविधीमा समन्वय समिति, जिल्ला प्रशासन, प्रहरी लगायतले चासो दिई कारवाही गर्नुपर्नेमा पत्रकारहरुले जोड दिए । कार्यक्रम इन्सेक प्रतिनिधी यज्ञमुर्ति तिमिल्सीनाले ६ महिनाको अवधिमा पाल्पा जिल्लामा घटेका मानवअधिकार हननका घटनाहरुको अवस्थाबारे जानकारी गराएका थिए ।

# एसईईमा राम्रो नतिजा आएपछि तानसेनमा खुसीयाली



**कृष्ण पोखरेल**

**पाल्पा,** असार १४/ जिल्लाको तानसेन नगरपालिकाका दुई विद्यालयले २०८० को एसईईमा राम्रो नतिजा प्राप्त भएपछि खुसीयाली मनाएका छन् । यहाँका जनता माध्यमिक विद्यालय(जेभिटी) र देववाणी संस्कृत तथा साधारण माध्यमिक विद्यालयले एसईईमा उर्त्तिण विद्यार्थी, अभिावक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, विद्यालयका अन्य विद्यार्थीसहित पञ्चे बाजागाजाको साथमा नाच्दै नगर परिक्रमा गरेका हुन् ।

जनता माध्यमिक विद्यालयले ४ (चार) जिपिए सहित ६७ जना विद्यार्थीहरु यस बर्षको एसईई नतिजामा पास भएका छन् । विद्यालयले ४ जिपिएसहित६७ जना बालबालिकाहरुलाई उतीर्ण गराएर लुम्बिनी प्रदेशमै उत्कृष्ट नतिजा हासिल गरेको दावी विद्यालयका प्रधानाध्यापक हरि प्रसाद घिमिरेले गरे । देववाणी माविले ५० जना भन्दा माथि विद्यार्थी एसईईमा सहभागी गराएर ४४ जना उतीर्ण गराई जिल्लामै सामुदायिक विद्यालयमा पहिलो भएको दावी प्रधानाध्यापक कृष्ण बहादुर थापाले गरे । देववाणीले विद्यालय परिसरबाट नारायणस्थान, भिमसेनटोल टुँडिखेल, लहरेपिपल, सिल्खानटोल, मखनटोल, शितलपाटी हुँदै असनटोलबाट विद्यालयसम्म पञ्चे बाजा गाजाका साथ नाचगान गर्दै खुसीयाली मनाएको थियो । यसैगरी जेभिटीले पञ्चेबाजासहित विद्यालयकादेखी भगवती टोल, शिवालय, माथिल्लो गैरागाउँ, भुसालडाँडा, गैरागाउँ मेहलधारा, नारायणस्थान, भिमसेनटोल, टुँडिखेल, लहरेपिपल, सिल्खानटोल, मखनटोल, शितलपाटी हुँदै विद्यालयमा पुगी बधाई तथा शुभकामनासभामा परिणत भएको थियो । ऱ्याली पछी आयोजित बधाई तथा शुभकामनासभामा बोल्दै जेभिटी विद्यालय व्यबस्थापन समितिका अध्यक्ष रामजी पोखरेलले विद्यालयमा पढ्ने र पढाउने वातावरण विद्यार्थीमैत्री रहेकाले एसईईमा ४ जिपिए सहितको उत्कृष्ट नतिजा ल्याएको बताए । विगत ३ बर्षदेखी जेभिटीले एसईई तथा कक्षा १२ को नतिजामा लुम्बिनी प्रदेशमै उत्कृष्ट नतिजा हासिल गर्दै आएको अध्यक्ष पोखरेलले बताए । कार्यक्रममा अविभावक गोपाल ढुङ्गानाले विद्यालय, शिक्षक, अभिभावक र विद्यार्थीको मेहनतले नै आफ्नो छोरा उत्सव ढुङ्गानाले जेभिटीबाट ४ जिपिए ल्यान सफल भएको बताए ।

आफ्नो छोरा उत्सवलाई नर्सरीदेखी नै सामुदायिक विद्यालयमै पढाउँदै आएको ढुङ्गानाले बताए । कार्यक्रममा विद्यार्थी उत्सव ढुङ्गानाले गुरुहरुले राम्रोसँग सिकाएका कुराहरु घरमा गएर राम्रोसँग पढ्ने र लेख्ने र सबै विषयहरुलाई बराबर ध्यान दिएर पढेकाले ४ जिपिए ल्याउन सफल भएको बताए । विद्यालयका प्रधानाध्यापक हरि प्रसाद घिमिरेले जनता मावि जेभिटी तानसेन लुम्बिनी प्रदेशकै उत्कृष्ट विद्यालय भएको, ४ चार जिपिए अंक ल्याउन, महङ्गा महङ्गा विद्यालय नभई जनता विद्यालय नै रोज्नुपर्ने बताए । विद्यालयलका शिक्षक व्यवस्थापन समिति अविभावक सबैको एउटै लक्ष्य विधार्थी लाई गुणस्तरीय शिक्षा प्रदान गर्ने भएकोले ढुक्क भएर आफ्ना वालवालिकाहरु लाई अध्ययनको लागी पठाउन प्रधानाध्यापक घिमिरेले अनुरोध गरे ।

विद्यालय व्यबस्थापन समितिका सदस्य हरिवोल भट्टराईले विगत बर्ष देखी एसईई नतिजालेनै सबैभन्दा धेरै विद्यार्थीहरुलाई उर्तीण गराउन सफल विद्यालय बन्न सफल, धेरैको रोजाई नै जेभिटी बनेको बताए । शिक्षक राम प्रसाद ढकालले सबैको मेहनतबाटै जिल्लामा सबैभन्दा बढी विद्यार्थीहरु एसईईमा उतिर्ण गराउन सफल भएको बताए । जेभिटीले एसइई परिक्षामा उतीर्ण भएका विधार्थीहरुलाई कक्षा ११ मा शिक्षा, व्यवस्थापन, विज्ञान, ईन्जिनियरिङ्ग, र होटेल म्यानेजमेण्टमा पढाई हुने छ । होटल म्यानेजमेण्ट भने यसै बर्ष देखी सञ्चालनमा आएको विद्यालयले जनाएको छ ।


## कालीगण्डकी गाउँपालिकाको अनुरोध

- बाझो जग्गा नराखौं/राख्न नदिउँ ।
- सार्वजनिक सम्पत्ति ऐतिहासिक, पुरातात्विक तथा धार्मिक सम्पदाको संरक्षण गरौं ।
- खानोपानीका मुल मुहानहरुका संरक्षण गरौं ।
- वन जंगलमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- आफ्ना नानी-बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुऱ्याउनुको साथै उनीहरुको क्रियाकलाप प्रति सधैं सजग रहौं ।
- कुनै सामान वा बस्तु खरिद (किन्दा) लेवल हेरेर म्याद रहे-नरहेको एकिन गरेर मात्र खरिद गर्ने बानी बसालौ ।
- म्याद गुज्रेका (Date Expiry) सडेगलेका सामाग्रीले हाम्रो स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने भएको हुँदा त्यस्ता सामाग्रीको बिक्री वितरण नगरौं ।
- व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिग घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।

पर्शुराम उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

सावित्रा कोइराला
उपाध्यक्ष

खिम बहादुर थापा
अध्यक्ष

कालीगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

## गल्याङ नगरपालिकाको अनुरोध

- सार्वजनिक सम्पत्ति ऐतिहासिक, पुरातात्विक तथा धार्मिक सम्पदाको संरक्षण गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- श्रम र श्रमजीवीहरुको सम्मान गरौं ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिग घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।
- श्रम र श्रमजीवीहरुको सम्मान गरौं ।
- म्याद गुज्रेका (Date Expiry) सडेगलेका सामाग्रीले हाम्रो स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने भएको हुँदा त्यस्ता सामाग्रीको बिक्री वितरण नगरौं ।
- कुनै सामान वा बस्तु खरिद (किन्दा) लेवल हेरेर म्याद रहे-नरहेको एकिन गरेर मात्र खरिद गर्ने बानी बसालौ ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।

दामोदर शर्मा
प्रमुख प्रशासकीय अधिकृत

हेमा न्यौपाने तिमिल्सीना
नगर उपप्रमुख

गुरु प्रसाद भट्टराई
नगर प्रमुख

गल्याङ नगरपालिका, नगर कार्यपालिका
गल्याङ, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई